जिल्ला समन्वय समितिको कार्यालय, गौर
मधेश प्रदेश, नेपाल

## ढुङ्गा, गिटी, बालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण प्रक्रियाको अनुगमन नियमन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

रौतहट जिल्लाभित्र रहेका नदी क्षेत्र, खोला तथा निजी जग्गाबाट उत्खनन, संकलन हुने साधारण निर्माणमुखी खनिज पदार्थ(ढुङ्गा, गिटी बालुवा आदि)को संकलन, बिक्री तथा आन्तरिक निकासी कार्यबाट स्थानीय तहहरुले राजश्व संकलन गर्दै आएका छन् ।स्थानीय सरकार ऐन २०७४ को दफा ६२ (क) अनुसार तोकिएको दरमा नदीजन्य पदार्थ तथा निजी खानीबाट उत्पादित साधारण निर्माणमुखी खनिज पदार्थको राजश्व संकलन गर्न पाउने अधिकार स्थानीय तहलाई प्रदान गरेको र सो बाट स्थानीय तहको आर्थिक स्थितिमा सुधार आउने तथा अर्को तर्फ भूकम्प पश्चातको पुनर्निर्माणमा महत्वपूर्ण निर्माण सामग्रीको रुपमा यसको प्रयोग हुँदै आएको छ।

हाल राज्यको पुनर्संरचना भई स्थानीय तहहरूमा निर्वाचित प्रतिनिधि समेत बहाल भइसकेको अवस्था छ। नेपालको संविधानको अनुसूची ९ को साझा अधिकार सूचीमा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, खानी निकासीमा बापतको आय सङ्कलन गर्ने कार्य प्रदेश कानुनबमोजिम हुने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७७/७८ देखि लागू हुने गरी प्रदेश सरकारबाट स्थानीय तहहरूले ढुङ्गा, गिटी, बालुवा, ग्राबेलमा सङ्कलन शुल्क तथा बिक्री शुल्क प्रदेशको आर्थिक विधेयकमा तोकिए बमोजिम लिन पाउने गरी आर्थिक विधेयक समेत जारी भइसकेको र सोही सन्दर्भमा गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिटी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्ने अधिकार उपभोग गर्ने व्यवहारिक प्रक्रिया निर्धारण गर्न बाँन्छनीय भएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) ले ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७(पहिलो संशोधन २०७९) जारी भएको र यस मापदण्ड बमोजिम अनुगमन तथा नियमन सम्बन्धी व्यवस्थाको कानुनको लागि जिल्ला अनुगमन समितिले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्ने भनी उल्लेख भएकोले जिल्ला अनुगमन समितिद्वारा यो कार्यविधि बनाई जारी गरिएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "ढुङ्गा, गिटी, बालुवा उत्खनन, सङ्कलन तथा बिक्री, वितरण प्रक्रियाको अनुगमन नियमन सम्बन्धी कार्यविधि,२०८२" रहनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "मापदण्ड"भन्नाले नेपाल सरकार (मन्त्रिपरिषद्)ले तयार गरेको ढुङ्गा, गिट्टि, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७(पहिलो संशोधन २०७९) सम्झनुपर्छ।

ख) "अनुगमन समिति" भन्नाले नेपाल सरकार (मन्त्रिपरिषद्)ले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७(पहिलो संशोधन २०७९) को दफा ९ बमोजिमको समिति सम्झनु पर्दछ।

ग)"स्थानीय अनुगमन समिति" भन्नाले ढुंगा ,गिट्टी बालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरण प्रक्रियाको अनुगमन नियमन सम्बन्धी कार्यविधि,२०८२ को दफा ५(५.१) बमोजिमको समिति सम्झनुपर्छ।

घ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू -उपयोगमा कुनै परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्छ।

ङ)प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनुपर्छ।

२०८२।८।७
रामअयोध्या राय यादव
प्रमुख

२०८२/०८/०७
जिल्ला समन्वय अधिकारी

च)प्रारम्भिक वातावरणीय परीक्षणभन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ।

छ)वातावरणभन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप र यिनका अवयवहरु र ती अवयवहरूको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनुपर्दछ।

ज) "वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिनें उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनुपर्छ।

झ)" वातावरणीय अध्ययन प्रतिवेदन"भन्नाले संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनुपर्छ।

ञ) "वातावरणीय प्रभाव मूल्याङ्कन"भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रस्तावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ।

ट)व्यवसायिक कार्ययोजनाभन्नाले प्रस्तावकले कार्यान्वयन गर्ने विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्ने बाहेकका आयोजना वा कार्यक्रममा हुने लगानी र प्रतिफलको विश्लेषण सहितको कार्ययोजना सम्झनुपर्छ।

ठ) "विस्तृत परियोजना प्रतिवेदन"भन्नाले प्रस्तावकले कार्यान्वयन गर्ने विकास निर्माणसँग सम्बन्धित प्रयोजनाको प्राविधिक र आर्थिक पक्षहरू विश्लेषण गरिएको विस्तृत प्रतिवेदन सम्झाउनुपर्छ।

(ड)"संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

१) कार्यविधिको उद्देश्य :

१. नदीक्षेत्र तथा खानी क्षेत्रबाट नदीजन्य / खानीजन्य सामग्री(साधारण निर्माणमुखी खनिज) उत्खनन्/संकलन तथा ओसार पसार गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन एवम् उद्योग संचालन गर्दा पालना गर्नुपर्ने भनी तोकिएका शर्तहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

२. नदीक्षेत्र र खानी क्षेत्र तथा ओसार पसार गरिने मार्ग वरिपरीको वातावरण संरक्षण गर्ने ।

३. नदीजन्य पदार्थ तथा खानी क्षेत्रबाट साधारण निर्माणमुखी खनिजको अधिक दोहन तथा अवैध ओसार पसार नियन्त्रण गरी दिगो उपयोग गर्दै यस्ता पदार्थको आपूर्ति हुने प्रबन्ध मिलाउने ।

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

४. नदीजन्य पदार्थ उत्खननन्/संकलन ओसारपसार गर्ने सन्दर्भमा नेपाल सरकारबाट भएका विभिन्न निर्णयहरुलाई स्थानीयता विशेष (Localize) आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने ।

५.आम नागरिकलाई सुपथ मूल्यमा निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल) उपलब्ध हुन सक्ने वातावरण सृजना गर्ने।

६.सार्वजनिक विकास निमार्णका लागि आवश्यक पर्ने निर्माण सामग्री (रोडा, ढुंगा, बालुवा, ग्राभेल) को अभाव हुन नदिने ।

२) कार्यविधिका क्षेत्रहरुः

(१) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् / संकलन गर्न स्वीकृति प्राप्त क्षेत्र ।

३) नदीजन्य पदार्थ उत्खननन/संकलन हुने प्रक्रिया

रौतहट जिल्ला भित्रको स्थानीय तह/प्रदेशहरुको आन्तरिक आय संकलन ठेक्का लिने ठेकेदारलाई उपलब्ध गराईएको ईजाजत पत्र अनुरुप यस क्षेत्रमा सामग्री उत्खनन्/संकलन भई रहेको छ । स्वीकृत IEE (प्रारम्भिक वातावरणीय परिक्षण) को प्रावधान अनुरुप जिल्ला अनुगमन समितिको निर्णय र IEE (प्रारम्भिक वातावरणीय परिक्षण) प्रतिवेदनमा भएको व्यबस्था बमोजिम असार, श्रावण, भाद्र महिनामा नदी क्षेत्रमा उत्खनन/संकलन कार्यलाई पूर्ण रुपमा बन्देज गरिएको छ ।

स्थानीय तहको राजश्व संकलन कार्यलाई थप व्यवस्थित गर्न, वातावरणीय तथा विपदको दृष्टिकोणबाट कुनै पनि नकारात्मक प्रभाव पर्न नदिने गरी आश्विन महिना देखि जेष्ठ मसान्त सम्म नदी तथा खोलाको किनारबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नका लागि स्वीकृत IEE( प्रारम्भिक वातावरणीय परिक्षण ) प्रतिवेदन अनुरुप देहायका प्रक्रिया र विधि बमोजिम नदीजन्य पदार्थ संकलन/उत्खनन् गर्ने व्यवस्था मिलाईएको छ ।

१. असार, श्रावण र भाद्र महिनामा खोला तथा नदीबाट रोडा,ढुंगा,बालुवा,ग्राभेल जस्ता नदीजन्य पदार्थ उत्खनन् / संकलन गर्न पाईने छैन ।

२. नदीको बहाव क्षेत्र बाहेक नदीले ढुंगा, बालुवा थुपारी बनाएको बगरबाट IEE(प्रारम्भिक वातावरणीय परिक्षण । प्रतिवेदनमा उल्लेखित स्थानवाट तोकिएको लम्बाई, चौडाई र गहिराईसम्म मात्र सामाग्री उत्खनन् गर्न सकिनेछ यसरी उत्खनन् गर्दा नदी तथा खोलाको सतह भन्दा तल हुने गरी उत्खनन्/संकलन गर्न पाईनेछैन ।

३. पक्की मोटर पुलको तल र माथितिर IEE(प्रारम्भिक वातावरणीय परिक्षण ) प्रतिवेदन तथा हाल विद्यमान रहेका ऐन/नियमावलीमा उल्लेखित दूरीलाई निषेधित क्षेत्र तोकिएको हुँदा उक्त क्षेत्रबाट नदीजन्य सामाग्री उत्खनन् / संकलन निषेध गरिनेछ ।

४. नदी तथा खोलाको बहाव परिवर्तन हुनेगरी नदी वा खोलालाई Divert गरि उत्खनन/ संकलन गर्न पाइने छैन ।

५. सिंचाई कुलो, सडक तथा अन्य भौतिक संरचनालाई असर पर्ने गरी सामग्री संकलन/उत्खनन् गर्न पूर्णरुपले निषेध गरिएको छ ।

२०८२/४/९
रामअयोध्या राय यादव
प्रमुख

२०८२/०४/०९
जिल्ला समन्वय अधिकारी

६ असार, श्रावण र भाद्र बाहेकका महिनाहरुमा IEE(प्रारम्भिक वातावरणीय परिक्षण) प्रतिवेदनमा उल्लेखित अवधिभर जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिको निर्देशन बमोजिम प्राविधिक नापचाँच समेतका आधारमा तोकिएको मापदण्ड अनुरुप तोकिएको संख्यामा मेशिनरी औजार प्रयोग गरी सामग्री संकलन गर्न सकिने र सो कार्यलाई IEE (प्रारम्भिक वातावरणीय परिक्षण ) को प्रावधान अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय अनुगमन तथा समन्वय समिति गठन गराईने छ । उत्खनन क्षेत्रमा मेशीनको प्रयोग गर्दा देहाय बमोजिमका प्रक्रिया अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ ।

६.१ उपरोक्त बमोजिम गठित स्थानीय अनुगमन तथा समन्वय समितिले तोकिएको क्षेत्र र परिमाणसम्म मात्र उत्खनन्/संकलन गर्ने गरी IEE(प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित Excavation Planबमोजिम मेशिन प्रयोग गर्ने र त्यसरी प्रयोग गर्ने मेशिनको कागजात र नम्बर अनिवार्यरुपमा सम्बन्धित स्थानीय तह र जिल्ला अनुगमन समितिमा जानकारी गराई अभिलेखीकरण गरेको हुनुपर्नेछ।

६.२ बुदाँ न.६.१ बमोजिम स्वीकृति दिदांसामग्री संकलन गर्ने क्षेत्र, विधि तथा परिमाण खुलाएको हुनुपर्नेछ । ६.३ पानीको वहाव भित्रबाट नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने छैन । उत्खनन स्थलमा उत्खननगर्ने नदीजन्य पदार्थको परिमाण समेतखुल्ले गरी तोकिएको ढाँचामा सूचना पाटी राख्नुपर्छ ।

६.४ कुनै पनि फर्म तथा व्यक्तिले सावेल जस्ता सामान्य औजार वाहेक मेशिन प्रयोग गरीसामग्री उत्खनन/संकलन गर्नुपूर्व सो क्षेत्रको स्थानीय अनुगमन समिति/स्थानीय तहको स्वीकृतिमा मात्र वगर क्षेत्रमा प्रवेश गर्न पाउने, ढुवानीको साधनवाट निश्कासन हुने धुवां, आवाज र लुब्रिकेन्टसको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

६.५ सूर्योदय देखि सूर्यास्तसम्म मेशिनरीको प्रयोग गरी वा नगरी कुनै पनि बिधिबाट सामग्री उत्खनन् र संकलन गर्न पाईनेछैन ।

६.६ स्थानीय अनुगमन तथा समन्वय समितिले दिएको स्वीकृति र सोको प्रक्रिया बमोजिम नदी क्षेत्रमा सामग्री संकलन गर्ने फर्म/ व्यक्तिको सम्पूर्ण विवरण, उत्खनन्/संकलनस्थलमा प्रयोग हुने मेशिनरीको कागजातको प्रतिलिपि मेशिन संचालन गर्ने अपरेटरको विवरण आवश्यकता अनुसार अध्यावधिक गरी साप्ताहिक रुपमा प्रहरीले जिल्ला अनुगमन समितिमा जानकारी दिने व्यवस्था मिलाउने । ढुवानी गरी लैजाने मार्गमा धुलो उड्न नदिन पानी छर्कने तथा सवारी साधनहरु सीमित गतिमा संचालन गर्नुपर्नेछ ।

रामअयोध्या
२०८२।४।१९
रामअयोध्या राय यादव
प्रमुख

२०८२।४।०१
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

६.७ नदी क्षेत्रमा मेशिन प्रयोग गर्दा IEE (प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित क्षेत्रमाExcavation Planमा उल्लेखित संख्यामा मात्र मेशिन प्रवेशको स्वीकृति दिने व्यवस्था स्थानीय अनुगमन समितिले मिलाउने। नदीजन्य पदार्थ ढुवानी गर्न गएका सवारी साधनले अन्य गैर कानुनी सामग्रीहरु लुकाई छिपाई ढुवानी गर्नपाईने छैन ।

६.८ स्थानीय अनुगमन तथा समन्वय समितिको सिफारिसमा नदी क्षेत्रमा प्रवेश गरी नदीजन्य सामग्री संकलन गर्दा कुनै मानवीय वा भौतिक क्षति नहुने गरी व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित ठेकेदार, संकलक/उत्खननकर्ताको हुनेछ । यदी कुनै कारण उक्त प्रकारको क्षति हुन गएमा सोको जिम्मेवारी सो कार्यका लागि अनुमति प्राप्त ठेकेदार, संकलनकर्ता/उत्खननकर्ताको हुनेछ र सो वापतको क्षतिपूर्ति वा सो सम्बन्धमा भएको खर्च निजबाट नै असुल उपर गरिने छ ।

७. सडक सुरक्षाका लागि तोकिएको क्षमता भन्दा वढी भारवहन हुने गरी सामग्री ढुवानी गर्न पाईने छैन।

८. स्वीकृत IEE (प्रारम्भिक वातावरणीय परिक्षण ) प्रतिवेदनमा उल्लेखित वातावरणीय व्यवस्थापन योजना अनुरुपका Mitigationकार्यहरु सम्बन्धित स्थानीय तहले कार्यान्वियन गर्नेछ ।

९. नदीजन्य पदार्थ संकलन गर्नु पर्ने नदीको सम्पूर्ण चौडाइको तोकिएको किनारा छोडेर मात्र नदी ।

१०.स्वीकृत IEE प्रतिवेदनमा तोकिएको दैनिक उत्खनन गर्ने पाउने परिमाण भन्दा बढी उत्खनन गर्न पाइने छैन ।

११.संकलन क्षेत्रमा अस्थायी शौचालयको प्रवन्ध गरेको हुनु पर्नेछ ।

४) खानिजन्य साधारण निर्माणमुखी खनिज पदार्थ उत्खनन कार्यको प्रकृया ।

रौतहट जिल्ला भित्र साधारण निर्माणमुखी खनिज पदार्थ (ढुंगा,रोडा,बालुवा,ग्राभेल) उत्खनन कार्यका लागी खानि तथा खनिज पदार्थ ऐन तथा नियमावली , २०५६ बमोजिम अनुमती प्राप्त उद्योगहरु संचालनमा रहेका छन । उक्त संचालित उद्योगहरुबाट स्थानीय तह÷प्रदेश सरकारलाई रोयल्टी प्राप्त भई राजश्वमा योगदान भएको छ भने त्यस्ता उद्योगहरुलाई नियमन गरी व्यवस्थित ढंगबाट संचालन गर्नु गराउनु पर्ने जिम्मेवारी समेत राज्यको रहेको हुन्छ । तसर्थ त्यस्ता उद्योगहरुबाट साधारण निर्माणमुखि खनिज पदार्थ उत्खनन गर्दा क्ष्भ्भ् (प्रारम्भिक वातावरणीय परिक्षण) प्रतिवेदनमा उल्लेखित प्रावधान, उद्योग दर्ता गर्दा तोकिएका शर्तहरु समेत पालना गर्ने गरी देहायको प्रकृया र विधि बमोजिम खानिजन्य पदार्थ संकलन तथा उत्खनन गर्ने व्यवस्था मिलाइएको छ ।

१. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनका शर्त एवं स्वीकृत विधि, प्रकृया र परिमाण बमोजिम मात्र उत्खनन् कार्य गर्नु पर्नेछ ।

२. उत्खनन कार्य गर्दा खनिज पदार्थको अधिकतम सदुपयोग र खनिज सम्पदाको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

३. उत्खनन् कार्य गर्दा वातावरणमा सकेसम्म न्युनतम प्रतिकुल प्रभाव पर्ने उपाय अपनाई वातावरण संरक्षणमा समुचित ध्यान दिई कार्य गर्नु पर्नेछ ।

रामअयोध्या
२०८२।८।१४
रामअयोध्या राय यादव
प्रमुख

२०८२/०८/०९
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, गौर
मधेश प्रदेश, नेपाल

४. उत्खनन गरियका खनिज पदार्थको दैनिक अद्यावधिक विवरण सम्बन्धित खानीस्थलमा नै अभिलेख राखेको र सम्वन्धित निकायहरुबाट अनुगमन हुँदा पेश गर्नुपर्ने दायित्व इजाजत प्राप्त ठेकेदारको हुनेछ ।

५. राष्ट्रिय तथा सार्वजनिक हित र सुरक्षाका निमित्त छुट्याईएका स्थानहरुमा र प्राचिन स्मारक, शहर,चिहान,मसानघाट,सार्वजनिक बाटो ,घाट,बाँध, पैनी, पाइप लाइन, किल्ला, गढी,छाउनी,मन्दिर,मस्जित,गिर्जाघर ,घर,कारखाना ईत्यादिबाट कानूनले तोकेको दुरी भित्र उत्खनन कार्य नगर्ने÷नगराउने र त्यस्ता क्षेत्रमा घर,कारखाना वा गोदाम बनाउन दिइने छैन ।

६. आफ्नो उत्खनन् क्षेत्रको नजिक उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त अन्य व्यक्तिलाई आफुले बनाइको टाइमलाइन , रोपवे लाइन, बाटो र पानिघाट समेत मनासिव सर्तमा उपयोग गर्न पाइनेछ ।

७. खनिज पदार्थ भण्डार गर्न तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्न यथोचित यन्त्रहरु राखेको हनुपर्नेछ ।

८.उत्खनन कार्यको अनुमतिपत्र प्राप्त भु–सतहका सिमाना बाहिर हुने गरी उत्खनन कार्य नगर्ने र दुई वा दुइभन्दा बढि अनुमति पत्रमा उल्लेखित क्षेत्रको सिमाना जोडिएको रहेछ भने अनुमतिपत्र प्राप्त व्यक्तिले सो सीमानाबाट कानुनले तोकेको दुरी छाडी खानि उत्खनन् कार्य गर्नुपर्नेछ ।

९.उत्खनन कार्य गर्दा खोलेको टोपा , टनेल, खाल्टो इत्यादिमा कुनै दुर्घटना हुन नपाउने गरी सुरक्षाका व्यवस्था गर्नुपर्नेछ । प्रचलित कानून र इजाजत पत्रमा लेखिएको शर्तहरु विपरित वाहिर गई गरीएको उत्खनन कार्यबाट उत्पन्न क्षतिबापत उत्खनन कर्ता, फर्म, कम्पनी, संस्था नै जवाफदेही हुनुपर्नेछ ।

१०. उत्खनन कार्य गर्दा कुनै दुर्घटना परेमा, कुनै व्यक्तिको मृत्युभएमा वा आफुले पाएको अनुमती पत्रमा उल्लिखित क्षेत्रभित्र कसैको धन सम्पत्तिको हानी नोक्सानी हुन गएमा वा हुन सक्ने संभावना देखिएमा सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र प्रदेशलाई तुरुन्त सुचना दिनुपर्नेछ ।

११. खनिज क्षेत्रमा उत्खनन कार्य संचालन् कार्य संचालन गर्दा सोको रेखदेख, नियन्त्रण आदिको लागि अनुमतीपत्र प्राप्त व्यक्ति स्वयम वा निजको प्रतिनिधि रहनु पर्नेछ ।

१२.उत्खनन कार्य गर्दा माइनिङग स्किममा उल्लेख भए बमोजिम बेञ्चिङग पद्दति अपनाई प्राविधिकको रेखदेखमा गरिनुपर्ने साथै दैनिक उत्पादन अनुमति भन्दा बढि परिमाण उत्खनन गर्न पाइने छैन ।

१३.कामदारहरुलाई सुरक्षा सामग्री (हेलमेट,सेफ्टी बुट, चस्मा,पञ्जा) प्रयोग गर्न लगायर काममा लगाउनुपर्ने, साथै कामदारहरुको बीमा गरेको हुनु पर्नेछ ।

१४.उद्योग सम्बन्धी विवरणहरु खुलाई मुदद्धारमा बोर्ड राख्नु पर्नेछ ।

१५.आएको उद्योग क्षेत्र भित्र क्वारी क्षेत्र÷माइनिङग क्षेत्रमा तारवार (कम्तिमा ५ फिट उचाई) लगाउनु पर्नेछ ।

१६. खानि भित्रम्चबष्लबनभ को उचित व्यवस्था गरेको हुनु पर्नेछ ।

२०८२/४/९
रामअयोध्या राय यादव
प्रमुख

२०८२/०४/०९
जिल्ला समन्वय अधिकारी

१७.उद्योग संचालन गर्दा साधारण निर्माणमुखि ढुङ्गा मिसिएको ओभरवर्डन माटोलाई आफ्नो उद्योगको जग्गामा नै व्यवस्थापन गरिराख्ने, त्यस्ता माटोहरु नजिकैको खोल्सी, खोला वा सार्वजनिक जग्गामा थुपारी राख्न पाइने छैन ।

१८. खानि क्षेत्रमा कार्यालय खडा गरी सो कार्यालयमा आफूले पाएको अनुमतिपत्र स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

१९. आफ्नै खर्चमा इजाजत प्राप्त खनिज क्षेत्रको सीमाना कायम गर्नु पर्नेछ ।

२०. आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा खनिज कार्यमा बाधा परी एक महिना भन्दा बढि उत्खनन् कार्य बन्द वा रोकावट हुन गएमा सम्बन्धित स्थानीय तह र विभागमा सूचना गर्नुपर्ने छ ।

२१.सार्वजनिक महत्वका आयोजनाहरुको निर्माण कार्यलाई असर नपर्ने गरी निजी नम्बरी जग्गामा सोहि प्रयोजनका लागि भण्डार गरी राखिएको मौज्दातलाई भण्डारण गरीएको प्रक्रियाको तथ्य प्रमाण हेरी जिल्ला अनुगमन समितिको स्थलगत वस्तुस्थितिको अवलोकन पश्चात निकासिको लागि सिफारीस गर्न सकिनेछ ।

५) नदीजन्य र खानिजन्य पदार्थको बजार मूलय सम्बन्धि व्यवस्था ः ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मपदण्ड,२०७७ को दफा –१० बमोजिम नदीजन्य तथा खानिजन्य पदार्थको उत्खनन् लागत स्थानीय तहलाई तिरेको विक्री वा सो बापतको रकम बजारको दुरी र निश्चित मुनाफाको समेतको आधारमा अनुसूची–४ बमोजिमको बजार मूल्य निर्धारण गरिएको छ ।

६) अनुगमन सम्बन्धि व्यवस्थाः प्रतिवेदनका सर्तहरुको पालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न देहायबमोजिमको अनुगमन संयन्त्र अपनाइनेछ ।

६.१ सामग्री संकलन हुने क्षेत्रका नपा प्रमुख÷गा.पा. अध्यक्ष वा निजले तोकेको पदाधिकारीको संयोजकत्वमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत, स्थानीय प्रहरी युनिटको प्रमुख, स्थानीय सशस्त्र प्रहरी युनिट प्रमुख, सम्बन्धित क्षेत्रको ठेक्का लिने ठेकेदार र सो क्षेत्र पर्ने वडाको वडाध्यक्ष सहितको स्थानीय अनुगमन तथा समन्वय समिति गठन गरीनेछ ।

७. अनुगमन खर्चः

७.१ अनुगमन कार्यमा लाग्ने खर्च सम्बन्धित स्थानीय तहबाट स्वीकृत ठेक्का रकमको ०.६ प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहले एकमुष्ठ जिल्ला समन्वय समिति कार्यालयको क २.६ विविध खातामा दाखिला गर्ने रकमबाट तथा अन्य राजस्व संकलन व्यवस्थापन वापत जिल्ला समन्वय समितिलाई प्राप्त हुने रकमबाट व्यहोर्ने छ।

७.२ निषेधित कार्य गर्ने उपर शर्त नं.८ बमोजिमका जरिवाना गरिनेछ र कारवाहीको रकम क २.६ खातामा दाखिला गराई सो रकम मध्ये ३० प्रतिशत रकम नेपाल प्रहरी, सशस्त्र प्रहरी बललाई प्रोत्साहन वापत दिईनेछ ।

२०७२/४/४
रामअयोध्या राय यादव
प्रमुख

२०७८/०४/०७
जिल्ला समन्वय अधिकारी

८. दण्ड र जरिवानाः उपरोक्त बमोजिम प्रक्रिया पुरा नगरी नदी क्षेत्रमा प्रवेश गर्ने गराउने फर्म वा व्यक्तिलाई नदी जन्य सामग्री जफत गरी देहाय बमोजिम दण्ड र जरीवाना गरिनेछ ।

| क्र. सं. | वस्तुको किसिम | दण्ड जरिवाला |
|---|---|---|
| १ | नदिको पानी भित्र मेसिनरी प्रयोग गरी प्रवेश गरी वहाव क्षेत्रमा सामाग्री संकलन गरेको अवस्थामा प्रक्राउ परेमा | मेशिनरी औजार प्रयोग गरेमा पहिलो पटकका लागि रु ७५,०००/००( पचहत्तर हजार रुपैया मात्र ) र ट्रिपर र ट्रक प्रयोग गरेमा ३०,०००/०० ( तीस हजार रुपैया मात्र), मिनी ट्रक र सानो ट्रिपरलाई २०,०००/०० ( बीस हजार रुपैया मात्र), र ट्र्याक्टरलाई १०,०००/०० ( दस हजार रुपैया मात्र) जरिवाना गरिने छ । |
| २ | स्थानीय अनुगमन समिति र जिल्ला अनुगमन सनितिमा अभिलेखीकरण नगराई मेशिनरी साधन प्रयोग गरेमा | स्काभेटरका लागि रु १,००,०००/००( एक लाख रुपैया मात्र), र व्याकहो लोडरका लागि रु.५०,०००। ( पचास हजार मात्र) जरिवाना । |
| ३ | तोकिएको भन्दा वढि चौडाई तथा गहिराईबाट उत्खनन् गरेमा | स्काभेटरका लागि रु १,५०,०००/००( एक लाख पचास हजार रुपैया मात्र), र व्याकहो लोडरका लागि १,००,०००। ( एक लाख रुपैया मात्र) जरिवाना । |
| ४ | तोकिएको भन्दा बढी संख्यामा मेसिन प्रयोग गरेमा | वढि प्रयोग भएको जुनसुकै मेशिन भएता पनि बढि प्रयोग भएको प्रति मेशिन १,००,०००। ( एक लाख रुपैया मात्र) जरिवाना । |
| ५ | रातिको समयमा सामाग्री उत्खनन् संकलन गरेमा | क्र.सं. १ मा तोकिएको जरिवानामा ५०% थप। |
| ६. | नदिको धार परिवर्तन गरी सामाग्री संकलन गरेमा | रू१,००,०००। ( एक लाख रुपैया मात्र) जरिवाना । |
| ७ | IEE मा उल्लेखित क्षेत्रभन्दा बाहेक निषेधित स्थनबाट सामाग्री संकलन /उत्खनन् तथा संकलन गरेमा | स्काभेटरका लागि रु १,५०,०००/००( एक लाख पचास हजार रुपैया मात्र), र व्याकहो लोडरका लागि १,००,०००। ( एक लाख रुपैया मात्र) ट्रिपर र ट्रक प्रयोग गरेमा ५०,०००/०० ( पचास हजार रुपैया मात्र), मिनी ट्रक र सानो ट्रिपरलाई ३०,०००/०० ( तीस हजार रुपैया मात्र), र ट्र्याक्टरलाई २०,०००/०० ( बीस हजार रुपैया मात्र) जरिवाना । |
| ८ | माथि उल्लेखित कसूर दोहोर्याएमा | तोकिएको जरिवानाको ५०% थप जरिवाना गर्ने |
| ९(क) | कुनै पनि स्थानीय तहको स्वीकृत वेगर नदिजन्य पदार्थ अवैध रुपमा उत्खनन् गरेमा वा अनाधिकृत रुपमा चोरी निकासी गरेमा | मेशिनरी औजार प्रयोग गरी चौरी निकासी गरेमा मेशिनरी औजार पहिलो पटकका लागि रू १,००,०००/-( एक लाख पचास हजार रुपैया मात्र) ट्रिपर र ट्रक प्रयोग गरेमा ३०,०००/०० ( तीस हजार रुपैया मात्र), मिनी ट्रक र सानो ट्रिपरलाई २०,०००/०० ( बीस हजार रुपैया मात्र), र ट्र्याक्टरलाई १०,०००/०० ( दस हजार रुपैया मात्र) जरिवाना |

२०८२।८।९
रामअयोध्या राय यादव
प्रमुख

२०८२।८।०९
जिल्ला समन्वय अधिकारी

| | | |
|---|---|---|
| ९(ख) | कुनै पनि स्थानीय तहको स्वीकृत वेगर व्याक्तिगत जग्गाको माटो समेत अवैध रुपमा उत्खनन् गरेमा वा अनाधिकृत रुपमा चोरी निकासी गरेमा । | मेशिनरी औजार प्रयोग गरी चौरी निकासी गरेमा मेशिनरी औजार पहिलो पटकका लागि रू.५०,०००/-( पचास हजार रुपैया मात्र) ट्रिपर र ट्रक प्रयोग गरेमा रु.१५,०००/०० ( पन्ध्र हजार रुपैया मात्र), मिनी ट्रक र सानो ट्रिपरलाई रु.१०,०००/०० ( दश हजार रुपैया मात्र), र ट्रयाक्टरलाई रु.५,०००/०० ( पाँच हजार रुपैया मात्र) जरिवाना |
| १० | ढुवानी साधनहरुको ढुंगा, गिट्टी, वालुवा नछोपी/ राजमार्गमा पानी चुहाउदै /डालाभन्दा माथि ढुवानी गरेमा | डालाभन्दा वढि ढुवानी गरेमा लाग्ने जरिवाना<br>ट्रिपर र ट्रक को लागि १०,०००/०० ( दस हजार रुपैया मात्र)<br>मिनी ट्रक र सानो ट्रिपरको लागि ७,०००/०० ( सात हजार रुपैया मात्र),<br>ट्रयाक्टरको लागि५,०००/०० (पाँच हजार रुपैया मात्र)<br>नछोपी/ राजमार्गमा पानी चुहाउदै /डालाभन्दा माथि ढुवानी गरेमा<br>ट्रिपर र ट्रक को लागि ५,०००/०० (पाँच हजार रुपैया मात्र)<br>मिनी ट्रक र सानो ट्रिपरको लागि ४,०००/०० (चार हजार रुपैया मात्र),<br>ट्रयाक्टरलाई ३,०००/०० (तीन हजार रुपैया मात्र) जरिवाना |
| ११ | जिल्ला विपत व्यवस्थापन समितिको अनुमती वेगर विपत जोखिम समवेदनशील क्षेत्रमा मेशिन प्रयोग गरी उत्खनन् गरेमा | स्काभेटरका लागि रु५०,०००/००(पचास हजार रुपैया मात्र), व्याकहो लोडरका लागि ३५,०००।( पैतिस हजार रुपैया मात्र) जरिवाना लाग्ने छ । |
| १२ | प्रशोधन गर्ने कसर उधोगले मेशिनबाट निस्किने फोहोर पदार्थको व्वस्थापन गर्न पटक पटक वेवास्ता गरेमा | रू २५०००/- ( पचिस हजार रुपैया) देखि रू ५००००/- (पचास हजार रुपैया) जरिवाना लाग्ने |
| १३ | यसमा उल्लेख वाहेक अन्य कसूर गरेमा | जिल्ला अनुगमन समितीको निर्णय अनुसार हुनेछ। |

९.विविध

९.१ नदीजन्य पदार्थ उत्खनन् गरिने स्थलमा नदीजन्य पदार्थ उत्खनन् संकलन गर्न स्वीकृती प्राप्त ठेकेदार र यस कार्यविधिको दफा १२ बमोजिम हुने कसुर र दण्ड जरीवानाको विवरण सूचना पाटीमा सबैले देख्ने गरि उत्खनन् स्थानमा राख्ने व्यबस्था सम्बन्धित स्थानीय तहले मिलाउनु पर्नेछ ।

९.२ यो कार्यविधिलाई जिल्ला अनुगमन समितिले आवश्यक अनुसार संशोधन गरि लागु गर्न सक्नेछ ।

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

९.३ यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु संघ, प्रदेश र सम्बन्धित स्थानीय तहको कानूनसँग बाझिएमा संघिय कानूनमा व्यवस्था भए संघिय कानून बमोजिम र नभएमा प्रदेश कानून वमोजिम हुनेछ ।

९.४ यस कार्यविधिमा नपरेका कुनै अवस्था आईपरेमा प्रदेश तहको सम्बन्धित मन्त्रालयको नीति निर्देशन अनुरुप हुनेछ।

९.५ यस कार्यविधि बमोजिमको कारवाहीको सूचना सदस्य सचिवले(जि.स.अ)ले सार्वजनिक गर्नु पर्नेछ ।

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

अनुसूचि -१
(कार्यविधिको दफा ३ को ६.१ र ६.२ संग सम्बन्धित)
जिल्ला समन्वय समितिको कार्यालय
रौतहट, गौर
मधेश प्रदेश नेपाल

नदिजन्य पदार्थ उत्खनन् संकलनमा प्रयोग गरिने मेशिन औजार र संचालकको अभिलेख

यस जिल्लाको ........... खोला/नदिबाट नदिजन्य पदार्थ उत्खनन्/संकलन कार्यको लागि IEE कार्यान्वयनका सम्बन्धमा मेशिनरी औजारको प्रयोग र परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेखः

नाका वा घाट भएको नदिको नामः

उत्खनन् स्थलक/बगरको नामः

मेशिनरी प्रयोग गर्ने अवधिः............................देखि...................................सम्म

मेशिन प्रयोगकर्ताको नाम र सम्पर्क नम्बरः

अपरेटरको नाम र सम्पर्क नम्बरः

| सि.नं. | प्रयोग हुने मेशिनरीको किसिम | मेशिनरीको च्यासिस नम्बर | उत्खनन् परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

सम्बन्धित क्षेत्रको ठेकेदार/उत्खनन्/संकलनकर्ताको

दस्तखतः

नामः

मितिः

स्थानीय अनुगमन समिति प्रमुखको

दस्तखतः

नामः

मितिः

रामअयोध्या
2082/4/19
रामअयोध्या राय यादव
प्रमुख

२०८२/४/०१
जिल्ला समन्वय अधिकारी

अनुसूचि-२

जिल्ला समन्वय समितिको कार्यालय

रौतहट, गौर

मधेश प्रदेश नेपाल

नदीजन्य सामाग्री(बालुवा, रोडा, गिट्टी, ढुंगा, ग्राभेल) उत्खनन्/संकलन कार्यको अनुगमन सूचक

अनुगमन गर्ने निकायः जिल्ला अनुगमन समिति

| क्र.सं. | विवरण | अनुगमनबाट देखिएको व्यहोरा | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनुगमन गरिएको खोला तथा नदीको व्यहोरा | | | | |
| २ | उत्खनन् स्थल रहेको ठेगानाः | बगरको नामः | | | |
| | | ठेगानाः | | | |
| ३ | उत्खनन्/संकलन गर्न स्वीकृती दिने निकायः- | | | | |
| ४ | IEE स्वीकृत भएको/नभएकोः- | | | | |
| ५ | दैनिक उत्खनन् गरिएको परिमाणः- | | | | |
| ६. | नदीजन्य पदार्थ उत्खनन्/संकलन गर्ने विधिः- (मेशिनबाट वा मानिसद्वारा हो खुलाउने) | विवरण | IEE प्रतिवेदनमा प्रस्तावित | स्थलगत अनुगमनमा देखिएको स्थिति | |
| | | उत्खनन् स्थलको गहिराई | | | |
| | | नदी/खोलाको किनारबाट छोडनुपर्ने दुरी | | | |
| | | पक्कि पुलबाट तल माथिको दुरी | | | |
| | | उत्खनन् परिमाण | | | |
| | | अन्य केही भएः | | | |
| ६.१ | मेशिनबाट संकलन भएको भए मेशिनको संख्या र मेशिन नं.. | | | | |
| ६.२ | मानिसबाट उत्खनन्/संकलन हुने भए रोजगारी प्राप्त कामदारको संख्याः- | | | | |
| ७ | नदीजन्य सामाग्री उत्खनन्/संकलनबाट देखिएका सकारात्मक कुराहरुः- | | | | |

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ८. | नदीजन्य सामाग्री उत्खनन्/संकलनबाट देखिएका नकारात्मक कुराहरुः- | | |
| ९. | उत्खनन्/संकलन कार्यमा स्थानीयहरुको सहभागिताको अवस्थाः- | | |
| १० | उत्खनन् स्थल नजिक क्रसर संचालनमा रहे वा नरहेकोः- | | |
| १०.१ | संचालनमा रहेको भए क्रसर उद्योगको नाम, ठेगाना | | |
| ११ | अन्य केही भएः- | | |

अनुगमन टोलीकोः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

- मितिः-

२०८२/४/९
रामअयोध्या राय यादव
प्रमुख

२०८२/०४/०९
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

अनुसूचि -३

## जिल्ला समन्वय समितिको कार्यालय
## रौतहट, गौर
## मधेश प्रदेश नेपाल

साधारण निर्माणमुखी खनिज(बालुवा, रोडा, ढुंगा, ग्राभेल) उद्योग उत्खनन्/संकलन कार्यको अनुगमन सूचक

| क्र.सं. | विवरण | अनुगमनबाट देखिएको व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | अनुगमन गरिएको ढुंगा खानीको नाम र दर्ता प्रमाणपत्र नं.:- | | |
| २ | खानीस्थल रहेको ठेगानाः- | | |
| ३ | उद्योग दर्ता भएको/नभएको | | |
| ४ | IEE स्वीकृत भएको/नभएको | | |
| ५ | दैनिक उत्खनन् गरिएको परिमाणः- | | |
| ६ | उत्खनन् विधिः- | | |
| | ६.१ मेशिनको संख्या र विवरणः | | |
| | ६.२ रोजगारी प्राप्त कामदारको संख्याः- | | |
| ७ | उद्योग संचालनबाट देखिएका नकारात्मक कुरा | | |
| ८ | उद्योग संचालनबाट देखिएका नकारात्मक कुराहरुः | | |
| ९ | उद्योग संचालन कार्यमा स्थानीयहरुको सहभागिताको अवस्थाः | | |
| १० | खानी उद्योगको क्रसर संचालनमा रहे वा नरहेको | | |
| | १०.१ संचालनमा रहेको भए क्रसर उद्योगको नाम, ठेगानाः | | |
| ११ | <u>खानी उद्योगले पालना गर्नुपर्ने मुख्य शर्तहरु पालना गरे नगरेको अवस्थाः</u> | | |
| | ११.१ बेन्चिङ्ग पद्धतिबाट खानी संचालन गरे नगरेको | | |
| | ११.२ खानी स्थलबाट निस्केको धुलो थिग्रयाउने पोखरी(Siltation Pond ) निर्माण गरे नगरेकोः- | | |
| | ११.३ खानी क्षेत्रमा सुरक्षाका दृष्टिकोण वा बाहिरी आवत जावत बन्द गर्न उत्खनन् क्षेत्रमा खानी सञ्चालकले क्वारी क्षेत्रमा/माइनिङ क्षेत्रमा तारवार लगाए वा नलगाएकोः- | | |
| | ११.४ उद्योगबाट निस्केको Waste Material व्यवस्थापनको अवस्था(उद्योगको जगगाभन्दा | | |

२०८२/८/९
रामअयोध्या राय यादव
प्रमुख

२०८२/०८/०९
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | अन्यत्र सार्वजनिक स्थलमा भए) | | |
| | ११.५ माईनिङ्ग स्किममा उल्लेख भएको क्षेत्रभन्दा बाहिर गई उत्खनन् गरे वा नगरेकोः- | | |
| | ११.६ IEE प्रतिवेदनमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन् गरे/नगरेकोः- | | |
| | ११.७ Waste Material सधैं खोला, खोल्सीमा मिसाए/नमिसाएकोत्र | | |
| | ११.८ खनिज पदार्थ भण्डार गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्न यथोचित यन्त्रहरु राखे/नराखेको | | |
| | ११.९ उत्खनन् कार्य गर्दा खोलेको टोपा, टनेल खाल्टो ईत्यादीमा कुनै दुर्घटना हुन नपाउने गरी सुरक्षाका व्यवस्था गर्ने, कामदारहरुलाई सुरक्षा सामाग्री(हेल्मेट, सेफ्टी, बुट, चस्मा, पञ्जा) प्रयोग गर्न लगाएर काममा लगाए/नलगाएको | | |
| | ११.१० उद्योग सम्बन्धी विवरणहरु खुलाई मुलद्वारमा बोर्ड राखे/नराखेको | | |
| | ११.११ खानी भित्र Drainage को उचित व्यबस्था गरे/नगरेको | | |
| | ११.१२ उद्योग संचालन गर्दा साधारण निर्माणमुखी ढुंगा मिसिएको ओभरवर्डन माटोलाई आफ्नो उद्योगको जग्गामा नै व्यवस्थापन गरीराख्ने, त्यस्ता माटोहरु नजिकैको खोल्सी, खोला वा सार्वजनिक जग्गामा राखे/नराखेको | | |
| १२ | अन्य केही भएः | | |

अनुगमन टोलीकोः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुगमन मितिः-

२०८२/४/९
रामअयोध्या राय यादव
प्रमुख

२०८२/०४/०९
जिल्ला समन्वय अधिकारी